रेडियो नेपाल

# सार्वजनिक सेवा प्रसारण नेपाल
# Public Service Broadcasting Nepal
# रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय
बर्दिबास, मधेश प्रदेश

नेपाल टेलिभिजन

प.सं २०८३/८४
चलानी नं २८

## रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय बर्दिबासको सूचना

सूचना नं. १/०८३/८४

प्रकाशित मिति : २०८३।०६।१४

यस रेडियो प्रसार सेवा विकास समितिको कर्मचारी सेवा शर्त नियमावली २०७७ को नियम ३५ बमोजिम बुलेटीन बेसिसमा भोजपुरी भाषामा समाचार सम्पादन, अनुवाद र वाचन तथा कार्यक्रम उत्पादन/ सन्चालनका लागि १ जना नियुक्तिका लागि देहाय अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । सातौ दिनको दिन सार्वजनिक विदा परेमा भोलि पल्ट आवेदन लिइने छ । म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कारवाही गरिने छैन ।

**आवेदनसाथ संलग्न हुनु पर्ने कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि ।

२.शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि र अनुभवको प्रमाणपत्र ।

**सेवा शर्तहरु :**

१.सेवाको किसिम : बुलेटिन बेशिस ।

२.काम गर्नुपर्ने स्थान : रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय बर्दिबास ।

३.पारिश्रमिक : सम्झौतामा उल्लेख भए अनुसार ।

४.विदा : रेडियो नेपालको स्वीकृत करार निर्देशिका, २०७८ अनुसार ।

५. परिक्षाको किसिम : लिखित,स्वर परिक्षा र अन्तर्वार्ता ।

६. अन्तर्वार्ता मिति : पछि प्रकाशित गरिनेछ ।

७. न्यूनतम योग्यता : स्नातक तह वा सो सरह उतिर्ण र सम्बन्धित भाषाको ज्ञान भई समाचार वाचन सम्बन्धी कार्यमा एक वर्षको अनुभव प्राप्त ।

८.सेवा शर्तहरु :सम्बन्धित भाषाको समाचार सम्पादन, अनुवादन र वाचन तथा कार्यक्रम संचालन गर्ने ।

९.करारको अन्त्य : करारको अवधि समाप्त भएमा वा तोकिएको जिम्मेवारी पुरा नगरेमा, समितिको अचारसंहिता विपरित कार्य गरेमा वा सेवा सन्तोषजनक नभएमा वा समितिलाई आवश्यक नभएको खण्डमा र उमेरको हद ५८ वर्ष पुगेमा स्वत: करार अन्त्य हुनेछ ।

१०. आवेदन दिने स्थान : रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय बर्दिबास ।

सम्पर्क नं.- ०४४- ५५०००८

सूर्य नारायण लाल कर्ण
नि. कार्यालय प्रमुख

फोन/फ्याक्स : -०९७७-०४४-५५०००८ ईमेल:- rnebardibas@gmail.com,Website:www.radionepal.gov.np. MW 1143KHZ & FM 103 MHZ